आर्थिक बर्ष २०८२।०८३

बैठक संख्या: १६

आज मिति २०८३ असार २६ गते शुक्रबारका दिन आलिताल गाउँपालिका अध्यक्ष श्री शेर सिंह पार्की ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा आलिताल गाउँपालिका सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी छलफल भइ देहायका निर्णयहरू गरियो।

उपस्थिति:

१. गाउँपालिका अध्यक्ष, श्री शेर सिंह पार्की

२. गाउँपालिका उपाध्यक्ष, श्री मैना कुमारी रावल बोहरा

३. वडा अध्यक्ष, वडा नं.१. श्री यज्ञ बहादुर देउवा

४. वडा अध्यक्ष, वडा नं. २. श्री श्री प्रमोद बहादुर मल्ल

५. वडा अध्यक्ष वडा नं. ३ श्री बल बहादुर बुढामगर

६. वडा अध्यक्ष, वडा नं. ४. श्री कमल सिंह बोहरा

७. वडा अध्यक्ष, वडा नं. ५. श्री डम्बर बहादुर ढाट

८. वडा अध्यक्ष, वडा नं. ६, श्री कुम्भर बुढा

९. वडा अध्यक्ष, वडा नं. ७. श्री विर बहादुर बोहरा

१०. वडा अध्यक्ष, वडा नं ८. श्री धन बहादुर देउवा

११. कार्यपालिका सदस्य, श्री भिमा देवी ओली

१२. कार्यपालिका सदस्य, श्री खिमा देवी गिरी

१३. कार्यपालिका सदस्य, श्री कलावती देवी नाथ

१४. कार्यापालिका सदस्य, श्री गोमती देवी पार्की

१५. कार्यपालिका सदस्य, श्री कर्ण बहादुर दमाई

१६. कार्यपालिका सदस्य, श्री रमेश बहादुर कामी

१७. सचिव, प्र.प्र.अ.श्री कृष्णानन्द जोशी

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरुः-

१. पुर्व बैठकको निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा।

२. पालिका स्तरीय योजना तथा बजेट सम्बन्धमा

३. हाल सम्मको आय ब्यय (आम्दानि र खर्च) अनुमोदन सम्बन्धमा।

४. करार कर्मचारीहरुको म्याद थप तथा सेवा सुबिधा सम्बन्धमा।

५. चालु आ.ब.मा सम्पन्न तथा सम्पन्न हुन नसकेका योजनाहरुको समिक्षा तथा म्याद थप सम्बन्धमा।

६. बिभिन्न विषयगत समितिका प्रतिबेदनहरु स्वीकृत गर्ने सम्बन्धमा।

७. बिबिध

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner

निर्णयहरु:-

निर्णय नं १- प्रस्ताव नं १ माथि छलफल गर्दा विगतको कार्यपालिका बैठक बाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल गरीयो। साथै पालिकाबाट हाल सम्ममा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको अवस्था सन्तोषजनक रहेको पाईयो।

निर्णय नं २:- प्रस्ताव नं २ माथि छलफल गर्दा आलिताल गाउँपालिकाको आगामी बर्षको पालिका स्तरीय योजना तथा बजेट सम्बन्धमा छलफल गरि पालिका स्तरीय योजना तथा बजेट गाउँसभाबाट पारित गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं ३:- प्रस्ताव नं ३ माथि छलफल गर्दा यस आर्थिक बर्ष २०८२।०८३ मा यस कार्यालयबाट गरिएको हाल सम्मको आय व्यय (आम्दानि र खर्च) अनुमोदनका लागी गाउँसभालाई सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं ४:- प्रस्ताव नं ४ माथि छलफल गर्दा स्विकृत दरबन्दी र स्विकृत कार्यक्रम अन्तरगत रहेका करार कर्मचारीहरुको म्याद थप तथा आगामि आ.ब. २०८३।०८४ को निरन्तरताको लागी आवस्यक निर्णय गर्न तथा बजेट बिनियोजन गर्न गाउसभालाई सिफारिस गर्ने निर्णय गरियो। साथै स्वीकृत दरबन्दी भन्दा बढी भएको कर्मचारीहरुको व्यवस्थापन सम्वन्धमा आवस्यक निर्णय गर्न गाउसभा समक्ष सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं ५:- प्रस्ताव नं ५ माथि छलफल गर्दा चालु आ.व.मा सम्पन्न भएका तथा सम्पन्न हुन नसकेका योजनाहरुको सम्वन्धमा समिक्षा गरियो। पालिकामा उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका समग्र योजना तथा कार्यक्रमको अवस्था सन्तोषजनक रहेपनि कार्यालयबाट पटक पटक ताकेता गर्दा समेत केहि ठूला योजनाहरु / ठेक्काहरु समयमै सम्पन्न हुन नसकेको देखिएको र निजहरुले ईन्धनमा भएको मुल्य वृद्धि, सामाग्री अभाव लगायतका बिबिध कारण दर्शाई समयमा सम्पन्न हुन नसकेकोले नयाँ कार्ययोजना सहित योजनाहरुको म्याद थप गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेका तपसिलका योजनाहरुको म्याद थप सम्वन्धमा आवस्यक निर्णय गर्न गाउसभामा पेश गर्ने निर्णय गरियो।

तपसिल:

| सि.न. | कामको विवरण | ठेक्का नं. | फर्मको नाम | सम्झौता मिति | म्याद कायम मिति | बितिय प्रगती % | भौतिक प्रगती% | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १० सैया अस्पताल | ATLRM/DDL/NCB/WORKS/01/2077/078 | Baraha Developers PVT | 2078-03-23 | 2083-03-20 | 13.3 | 10.0 | बजेट निकासा नभएको कारणले कार्यान्वयन नभएको तर २०८४ असार मसान्त सम्म थप गर्न सकिने |
| २ | प्रशासकिय भवन निर्माण | ATLRM/DDL/NCB/WORKS/01/2078/079 | YR -Pant JV | 2079-12-25 | 2083-03-20 | 70.2 | 59.4 | संघिय समपुरक योजना (६०-४०) साझेदारी भई अन्तिम चरणको कार्य भई रहेको २०८४ असार मसान्तको म्याद थप गर्नका लागि निवेदन दिएको |

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सुनखोला - जुगेखोला तटबन्ध | ATLRM/NCB/WORKS/05/2079/2080 | MS-Deep JV | 2080-03-24 | 2083-03-20 | 29.2 | 17.8 | आगामी आ.ब.को लागि श्रोतको सुनिश्चता नभएको र काम सुस्त गरेको र यस चालु आ.ब.मा बजेट खर्च नगरी फिर्ता गएको |
| ४ | Aalital Toursim and Physical Infrastructure | ATLRM/NCB/Works/06/2082/083 | H.K.Construction | 2082-12-12 | 2083-03-20 | 34.5 | 34.5 | आगामी आ.ब.को लागि श्रोतको सुनिश्चता नभएको र काम सुस्त गरेको र यस चालु आ.ब.मा बजेट खर्च नगरी फिर्ता गएको |

निर्णय नं ६:- प्रस्ताव नं ६ माथि छलफल गर्दा कार्यपालिकामा पेश भएका तपसिलका बिषयगत समितिहरुका प्रतिबेदन अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल:-

१. सुशासन तथा संस्थागत बिकास समितिको प्रतिबेदन २०८३
२. सामाजिक बिकास समितिको प्रतिबेदन २०८३
३. आर्थिक बिकास समितिको प्रतिबेदन २०८३
४. पुर्वाधार बिकास समितिको प्रतिबेदन २०८३
५. वन, वातावरण तथा बिपद व्यवस्थापन समितिको प्रतिबेदन २०८३
६. राजश्व परामर्श समितिको प्रतिबेदन २०८३

निर्णय नं ७:- प्रस्ताव नं ७ बिबिध (क) माथि छलफल गर्दा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गर्न वन वातावरण तथा विपद व्यवस्थापन ईकाईलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं ८:- प्रस्ताव नं ७ बिबिध (ख) माथि छलफल गर्दा यस गाउपालिकाका १-८ सम्मका सम्पुर्ण वडा कार्यालयबाट प्रमाणिकरण भईआएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीहरुको प्रमाणिकरण प्रतिवेदनहरु स्विकृत गरि आवस्यक प्रकृया अगाडी बढाउनका लागी जिल्ला भूमि समस्या समाधान समिति डडेल्धुरालाई सिफारिस गर्ने निर्णय पारित गरियो।

निर्णय नं ९:- प्रस्ताव नं ७ बिबिध (ग) माथि छलफल गर्दा आलिताल गाउँपालिका वडा नं १ को तोली, अतरोडा र भेडिकोट गाउँको जमिन बर्सेनी भासिदै गएकोले उक्त खोलामा तटवन्द निर्माण गर्न बृहत जलाधार व्यवस्थापन केन्द्र महाकाली पाटनलाई सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं १०:- प्रस्ताव नं ७ बिबिध (घ) माथि छलफल गर्दा आलिताल गाउँपालिका भुकम्प पिडितहरुको लागि जिल्ला प्रशासन कार्यालयको मिति २०८३।३।२३ गतेको प्राप्त पत्रानुसार रू ७०००००।०० अख्तियारी आएकोमा Major Repair ११ जना र Minor Repair ६ जना को लागि क्रमश रु ५००००।०० र रू २५०००।०० का दरले पहिलो किस्ता बाफतको रकम पिडितहरुको खातामा निकासा गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner